

# अध्याय -१३

## परमेश्वरको महिमाले प्रज्वलित हुनु

**यस अध्यायका मूल पदहरू:** १ थेस्सोलिनिकी ५:१-६; यूहन्ना ८:३२; प्रकाश १८:१; प्रकाश ४:११; प्रस्थान ३३:१८,१९; प्रकाशा ५:६,१२ र प्रकाश १३:८।



**यस अध्यायको मूल सार पदः "यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो। प्रकाश १८:१।**

ढिलो होस् वा चाँडो होस्, अन्तिम दिनमा हुने घट्नाहरू उघारिनेछ। ठ्याकै कहिले हुन्छ, त्यो हामीलाई बताइएको छैन। तर हामीलाई चाहिने बताइएकोछ। हप्ताको सातौं दिन साबथलाई पालन गर्नुको सट्टा आइतबार नै मान्नुपर्छ भनेर कुनै न कुनै ऐन पारित गर्नेछ। त्यसले सबैलाई आइतबार नै पालन गर्न कर लगाउनेछ। प्रकाशको पुस्तकले हामी निर्णायक घडीमा छौं भनेर बताउँछ। परमेश्वर र सैतानको बीचमा घमासान संग्राम भइरहेको छ। जब स्वर्ग र पृथ्वी, समुद्र र पानीका मूहानहरू बनाउनुहुनेको आराधना नगर्न सैतानले जबरजस्ती गर्छ तब के हुनेछ भनेर हामीलाई बताइएको छ। "पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।" प्रकाश १३:८। त्यसको अर्थ प्रभु येशू ख्रीष्टलाई पछ्याउन र उहाँका आज्ञाहरू पालन गर्नेहरूका नाउँहरू

जीवनको पुस्तकमा रहिरहनेछ। मानिसको खातामा भन्दा परमेश्वरको खातामा नाउँ हुनु कति राम्रो छ।

उहाँको विशेष सन्देश संसारलाई सुनाउन परमेश्वरले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई उठाउनुभएको छ। हामी आफै येशूमा भएको सत्यप्रति मोहित हुनुपर्दछ र अनन्त सुसमाचारको कारणले हामी नयाँ र परिवर्तित हुनुपर्दछ। प्रकाश १४:६को सन्देश हाम्रो निम्ति मर्नुभएको ख्रीष्टमा केन्द्रित छ। उहाँबाट नै मुक्ति पाउँछौं भन्ने आश्वासन हामीमा छ।

## १. अन्तिम सङ्कटको निम्ति तयारी

**मानव इतिहासको अन्तिम दिनहरूलाई लक्षित गर्दै पावलले हामीलाई के अर्ती दिन्छन्? हेर्नुहोस्, "१ तर भाइ हो, समय र बेलाको विषयमा तिमीहरूलाई केही लेख्ने आवश्यकता छैन। २ किनकि तिमीहरू आफै राम्ररी जान्दछौ, प्रभुको दिन त रातमा चोर आएझैं आउनेछ। ३ जब मानिसहरू "शान्ति र सुरक्षा" भनिरहेका हुन्छन्, तब गर्भवती स्त्रीलाई बेथा लागेझैं अचानक तिनीहरूमाथि विनाश आइलाग्छ, र तिनीहरू कुनै रीतिले उम्कनेछैनन्। ४ तर भाइ हो, तिमीहरू अन्धकारमा छैनौ, तसर्थ त्यस दिनले तिमीहरूलाई चोरले जस्तै चकित पार्नेछैन। ५ किनकि तिमीहरू सबै ज्योतिका सन्तान र दिनका सन्तान हौ। हामी रातका र अन्धकारका सन्तान होइनौं। ६ यसकारण अरूहरूझैं हामी नसुतौं, तर जागा बसौं, र सचेत होऔं। १ थेसलोनिकी ५:१-६।**

येशूको दोस्रो आगमनको पर्खाइको क्रममा पावलले थेस्सोलिनिकीका विश्वासीहरूलाई "जागा रहो" र "गम्भिर भएर सचेत रहो," भनेर प्रोत्साहन दिएका थिए। दुई हजार वर्ष अघिका विश्वासीहरूलाई पावलले त्यो अर्ती दिन्छ भने आजको हामीलाई उनले के भन्छ होला?

तिनीहरू "ज्योतिका सन्तान" भनेर पनि उनले भनेका थिए (१ थेस्सोलिनिकी ५:५) र तिनीहरूलाई "अन्धकारबाट दिनमा (येशूमा)" (१ थेस्सोलिनिकी ५:४) आएकोले "चोरले जस्तै," तिनीहरूमाथि कसैले माथ नगरुन् भनेर तिनीहरूलाई सम्झाएका थिए। भित्री दिलदेखि प्रार्थना गरेर जागा रहनुपर्छ भन्ने सन्दर्भमा येशूले "जागा रहो" भन्नुभएको थियो (मत्ती २४:४२, २६:४०,४१)। जागा हुनुभनेको आत्मिकरूपमा चनाखो भएर बस्नु हो। सचेत हुनु भनेको दिमागलाई गम्भिर अवस्थामा राखेर हामी कुन समयमा बाँचिरहेकाछौं त्यसप्रति सजग हुने हो र जुन कुरो आदरणीय, वास्तविक र महत्त्व छ त्यसमा हाम्रो ध्यान केन्द्रित गर्नु हो।

एलेन जी ह्वाइट थप्नु हुन्छः "सत्यलाई थाहा पाउने हामीले यस संसारमा छिटै आउने कुराको निम्ति तयार हुनुपर्छ ताकि ती हामीमाथि अचानक नआओस्।"- *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. २८।

विश्वघट्नाले मानिसहरूलाई चकित पारिरहेको होला, तर त्यसमा हामी छक्क पर्नु आवश्यकता छैन। अन्तिम युगमा हुने बाइबलमा लेखिएका घटनाहरू कहिले होला भनेर हामीलाई थाहा नभएतापनि, अहिले, आज नै त्यो दिन हो जब हामी तयार भएर बस्नुपर्दछ।

दानिएल २ समिक्षा गर्नुहोस्। त्यसमा उल्लेख गरिएका राज्यशक्तिहरूको श्रृङ्खला भविष्यवाणी गरिएकै जस्तै ठिक समयमा पूरा भएका थिए। यसले गर्दा परमेश्वरले जे भन्नुहुन्छ त्यसमा हामी भरोसा राख्न सक्छौं भनेर त्यसले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, "१ आफ्नो शासनकालको दोस्रो वर्षमा नबूकदनेसरले सपनाहरू देखे। उनको मनमा छटपटी भयो र उनी सुत्न सकेनन्। २ यसकारण राजाले जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, बिजुवाहरू र ज्योतिषीहरूलाई उनले देखेको सपना बताइदिऊन् भनी बोलाउने हुकुम गरे। जब तिनीहरू आए र राजाको सामु खड़ा भए, ३ उनले तिनीहरूलाई भने, "मैले एउटा सपना देखेको छु। त्यसले मलाई विचलित बनाएको छ, र यसको अर्थ बुझ्न चाहन्छु।" ४ तब ती ज्योतिषीहरूले आरमेइक भाषामा राजालाई उत्तर दिए, "महाराजा, अमर रहून्! हजूरका दासहरूलाई सपना बताइदिनुहोस्, र हामी त्यसको अर्थ बताउनेछौं।"

५ राजाले ती ज्योतिषीहरूलाई जवाफ दिए, "मैले यही निर्णय गरेको छुः यदि तिमीहरूले मैले देखेको सपना र त्यसको अर्थ बताएनौ भने, तिमीहरू टुक्रा-टुक्रा पारिनेछौ र तिमीहरूका घरहरू उजाड़ पारिनेछन्। ६ तर यदि तिमीहरूले मलाई सपना र त्यसको अर्थ बतायौ भने, मबाट तिमीहरूले उपहारहरू र इनामहरू तथा ठूलो सम्मान पाउनेछौ। यसकारण मलाई मेरो सपना र त्यसको अर्थ बताओ।" ७ फेरि एक चोटि तिनीहरूले जवाफ दिए, 'महाराजाले आफ्ना दासहरूलाई आफ्नो सपना बताइदिनुहोस् र हामी त्यसको अर्थ खोलिदिनेछौं।" ८ तब राजाले जवाफ दिए, "म निश्चित छु कि तिमीहरूले मबाट समय लिएर टार्ने कोशिश गर्दैछौ, किनभने मैले के निर्णय गरिसकेको छु भनेर तिमीहरूलाई थाहा भएको छ। ९ यदि तिमीहरूले मलाई सपना बताएनौ भने तिमीहरूका लागि एउटै मात्र सजाय छ। यो परिस्थिति बद्लिएला भन्ने आशाले मलाई भ्रम र दुष्ट कुरा गर्ने तिमीहरूले मतो गरेका छौ। यसकारण मलाई सपना बताओ, अनि मलाई थाहा हुनेछ कि तिमीहरूले यसको अर्थ मलाई बताउन सक्नेछौ। १० ज्योतिषीहरूले राजालाई उत्तर दिए, "महाराजाले भन्नुभएको कुरा गर्न सक्ने पृथ्वीमा कोही छैन। जति महान् र शक्तिशाली भए

पनि कुनै राजाले कुनै जादूगर वा मन्त्रतन्त्र गर्ने वा ज्योतिषीहरूसँग यस्तो कुरा कहिल्यै माग गरेका छैनन्। ११ महाराजाले गर्नुभएको यो प्रश्न अति नै गाह्रो छ। महाराजालाई यो कुरा देवताहरूबाहेक अरू कसैले पनि प्रकट गर्न सक्दैन। ती देवताहरू मानिसहरूका बीचमा बस्दैनन्।" १२ यसले गर्दा राजा रीसले यति चूर भए कि उनले बेबिलोनका सबै ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने हुकुम गरे। १३ यसरी ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने घोषणा निस्क्यो र दानिएल र तिनका साथीहरूलाई पनि मार्न भनी तिनीहरूलाई झिकाउन मानिसहरू पठाइए। १४ जब राजाका अङ्गरक्षकका कप्तान अर्योक बेबिलोनका ज्ञानी पुरुषहरूलाई मार्न निस्के, दानिएलले बुद्धिमानी र बड़ो निपुणतासाथ उनलाई प्रश्न गरे, १५ "राजाले किन यस्तो कठोर आदेश निकाल्नुभयो?" तब अर्योकले दानिएललाई सबै कुरा बताइदिए। १६ यो सुनेर दानिएल राजाकहाँ गए र सपनाको अर्थ खोल्नलाई समय पाऊँ भनी बिन्ती गरे। १७ तब दानिएल आफ्नो घर फर्के र आफ्ना साथीहरू हनन्याह, मीशाएल र अजर्याहलाई सो कुरा बताइदिए। १८ बेबिलोनका अरू ज्ञानी पुरुषहरूका साथमा तिनी र तिनका साथीहरू नमारिऊन् भन्ने खातिर यो रहस्य खोल्न स्वर्गका परमेश्वरको कृपा मिलोस् भनी तिनले आफ्ना साथीहरूलाई उहाँसँग प्रार्थना गर्न अनुरोध गरे। १९ राती दर्शनमा दानिएललाई यसको रहस्य प्रकट गरियो। तब दानिएलले स्वर्गका परमेश्वरलाई प्रशंसा गरे, २० र भने, 'सदासर्वदै परमेश्वरको नाउँमा स्तुति होस्। बुद्धि र पराक्रम उहाँकै हुन्। २१ उहाँले नै समय र ऋतुहरू परिवर्तन गर्नुहुन्छ। उहाँले राजाहरूलाई सिंहासनमा राख्नुहुन्छ र उनीहरूलाई अपदस्थ गर्नुहुन्छ। उहाँले समझदारहरूलाई बुद्धि दिनुहुन्छ अनि विवेकीहरूलाई ज्ञान दिनुहुन्छ। २२ उहाँले गहिरा र लुकिएका कुराहरू प्रकट गर्नुहुन्छ, उहाँले अन्धकारमा के छ भनी जान्नुहुन्छ, र ज्योतिले उहाँमा वास गर्छ। २३ हे मेरा पिता-पुर्खाका परमेश्वर, तपाईंलाई म धन्यवाद दिँदछु र तपाईंको प्रशंसा गर्दछु, तपाईंले मलाई बुद्धि र शक्ति दिनुभएको छ, हामीले मागेको कुरा तपाईंले मलाई प्रकट गर्नुभयो, तपाईंले हामीलाई राजाको सपना प्रकट गर्नुभयो।" २४ तब दानिएल बेबिलोनका ज्ञानी पुरुषहरूलाई मार्न भनी राजाले खटाएका अर्योककहाँ गएर उनलाई भने, "बेबिलोनका ज्ञानी पुरुषहरूलाई नमार्नुहोस्। मलाई राजाकहाँ लैजानुहोस् र म उहाँलाई उहाँको सपनाको अर्थ बताइदिनेछु।" २५ अनि अर्योकले दानिएललाई तुरुन्तै राजाकहाँ लगे र भने, "यहूदाबाट आएका प्रवासीहरूमध्ये एक जना मानिसलाई मैले भेट्टाएको छु, जसले राजालाई सपनाको अर्थ बताउन सक्छ।" २६ राजाले दानिएललाई (जसको नाउँ बेलतसजर पनि हो) सोधे, "के तिमी मेरो सपना र त्यसको अर्थ बताउन सक्छौ?" २७ दानिएलले जवाफ दिए, "महाराजाले सोध्नुभएको रहस्यको कुरा कुनै पनि ज्ञानी

पुरुष, मन्त्रतन्त्र गर्ने, जादूगर वा जोखना हेर्नेले बताउन सक्दैन, २८ तर स्वर्गमा एक परमेश्‍वर हुनुहुन्छ, जसले रहस्यका कुराहरू प्रकट गर्नुहुन्छ। उहाँले महाराजा नबूकदनेसरलाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। हजूर ओछ्यानमा ढल्किरहनुहुँदा हजूरको मनमा भएका सपना र दर्शनहरू यी नै हुन्: २९ "हे महाराजा, हजूर ओछ्यानमा ढल्किरहनुभएको बेला हजूरको मन भविष्यमा के हुने होला भन्ने तर्फ गयो, र रहस्य प्रकट गर्नुहुनेले भविष्यमा हुने कुरा देखाउनुभएको छ। ३० तर जसै मलाई यो रहस्य खोलिएको छ, अरू जीवित प्राणीहरूभन्दा ममा बढ्ता बुद्धि भएको कारणले होइन तर यसैकारण कि हजूर महाराजालाई सपनाको अर्थ खोलिओस् र हजूरको आफ्नो मनमा भएका कुरा बुझ्न सक्नुभएको होस् भनेर हो। ३१ "हे महाराजा, हजूरले हेरिरहनुहुँदा एउटा ठूलो सालिक उभिएको देख्नुभयो। यो सालिक विशाल र अत्यन्तै चहकिलो देखिन्थ्यो र त्यसको रूप भयानक थियो। ३२ त्यस सालिकको टाउको निक्खर सुनको, त्यसका छाती र हातहरू चाँदीका, त्यसका पेट र तिघ्राहरू काँसाका, ३३ त्यसका गोड़ाहरू फलामका, र त्यसका खुट्टाहरू केही फलाम र केही माटोका थिए। ३४ हजूरले हेरिरहनुहुँदा चट्टानबाट एउटा ढुङ्गा काटियो, तर मानिसको हातद्वारा होइन। यसले त्यस सालिकका फलाम र माटोले बनेका खुट्टालाई हान्यो र ती चकनाचूर पारिदियो। ३५ त्यसपछि त्यो फलाम, काँसो, चाँदी र सुन सबै एकै चोटि धूलोपीठो भए, र ग्रीष्म ऋतुमा अन्न चुट्ने खलाबाट भुसलाई उड़ाएझैं बतासले त्यसलाई नाउँनिशानै नहुने गरी उड़ाएर लग्यो। तर त्यस सालिकलाई हान्ने त्यो ढुङ्गा बढ्दैगएर ठूलो पहाड़ बन्यो र पूरै पृथ्वीलाई ढाकिदियो। ३६ "सपना यही थियो, र अब महाराजालाई यसको अर्थ बताउनेछौं। ३७ हजूर नै राजाहरूका महाराजा हुनुहुन्छ। स्वर्गका परमेश्‍वरले हजूरलाई राज्य, पराक्रम, शक्ति र महिमा दिनुभएको छ। ३८ हजूरको हातमा उहाँले सारा पृथ्वीका मानिसहरू र पशुहरू र आकाशका पन्क्षीहरू दिनुभएको छ। जहाँ-जहाँ उनीहरू बस्छन्, उहाँले हजूरलाई उनीहरूमाथि अधिकार गर्न दिनुभएको छ। हजूर नै त्यो सुनको टाउको हुनुहुन्छ। ३९ "हजूरपछि, हजूरको भन्दा अलि कमजोर राज्य खड़ा हुनेछ। त्यसपछि काँसोको तेस्रो राज्यले सारा पृथ्वीमाथि अधिकार जमाउनेछ। ४० अन्त्यमा, फलामजस्तै बलियो चौथो राज्य आउनेछ, किनभने फलामले सबै थोक चकनाचूर पारिदिएझैं त्यसले अरू सबैलाई तोड़फोड़ गरी तितरबितर पार्नेछ। ४१ हजूरले यसका खुट्टा र औंलाहरू केही माटोले, केही फलामले बनेका देख्नुभएझैं यो विभाजित राज्य हुनेछ, तैपनि यसमा केही मात्रामा फलामको बल हुनेछ, जसरी हजूरले फलाम माटोसित मिसिएको देख्नुभयो। ४२ जसरी ती औंलाहरू केही फलाम र केही माटोका थिए, त्यसरी नै यो राज्य केही बलियो,

केही सजिलैसित टुक्रिने हुनेछ। ४३ र हजूरले फलाम माटोमा मिसिएको देख्नुभएझैं मानिसहरू पनि मिश्रित जाति हुनेछन् र एकतामा रहनेछैनन्, जसरी फलाम माटोसित मिल्न सक्दैन। ४४ "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो— त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो। "महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।" ४६ तब राजा नबूकदनेसरले दानिएलको अगाड़ि घोप्टो परी दण्डवत् गरे र तिनलाई आदर गरे, र साथै तिनलाई भेटी र धूप चढ़ाउन भनी हुकुम गरे। ४७ राजाले दानिएललाई भने, "साँच्ची नै तिमीहरूका परमेश्वर देवताहरूका पनि परमेश्वर र राजाहरूका प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुन्छ, किनभने तिमीले यो रहस्य खोल्न सक्यौ।" ४८ तब राजाले दानिएललाई उच्च पदमा राखे र धेरै बहुमूल्य उपहारहरू दिए। उनले तिनलाई बेबिलोनका समस्त प्रदेशमाथि शासक बनाए र त्यहाँका सबै ज्ञानी पुरुषहरूका प्रधान तुल्याए। ४९ त्यसबाहेक दानिएलको अनुरोधमा राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रदेशमाथि प्रशासक नियुक्त गरे। दानिएल आफैचाहिँ राजदरबारमै रहे।"

ख्रीष्टले हामीलाई अन्तिम दिनको निम्ति सन्देशहरू दिनुभएको छ ताकि के आउँदैछ सो हामीले थाहा पाउन सकौं, र त्यसको लागि हामी तयार भएर बस्न सकौं। दानिएल र प्रकाशमा लेखिकएको भविष्यवाणीसँग एलेन जी ह्वाइटले पाउनुभएको आधुनिक भविष्यवाणीको बरदानलाई एकै ठाउँमा राखेर हेर्दा यस संसारमा के हुनु आउँदैछ सो को बारेमा हामीलाई दिव्यज्ञान दिइएको छ। परमेश्वरको वचनमा भविष्यवाणी गरिएको सन्देशमा मुक्तिको बारेमा इतिहासलाई अग्रिम जानकारी दिएको छ, दानिएल २मा परमेश्वरमाथि हामी भरोसा राख्न सक्छौं भन्ने शक्तिशाली तर्कयुक्त प्रमाण हाम्रो सामु पेश गरेको छ।

"अरूहरू जस्तो तिमीहरू नसुत," भनेर पावलले अर्ती दिन्छन्। त्यसको अर्थ के हो, र हामी  सुतेकाछौं कि उठेका छौं कसरी थाहा पाउने?

## २. सत्यलाई थाहा पाउनु

सत्य के हो र त्यसलाई थाहा पाउनेहरूलाई येशूले के प्रतिज्ञा दिनुभएको छ सो देहायका पदहरूमा पढ्नुहोस्ः "३१ येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। ३२ तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।" यूहन्ना ८ः३१-३२; "१६ तब येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो, "मेरो शिक्षा मेरै होइन, तर उहाँको हो, जसले मलाई पठाउनुभयो। १७ यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ। १८ जसले आफ्नै तर्फबाट बोल्दछ, उसले आफ्नै सम्मान खोज्दछ, तर जसले आफूलाई पठाउनेको सम्मान खोज्दछ, त्यो सत्य हो, र उसमा छल हुँदैन।" यूहन्ना ७ः१६-१८ र "१५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। १७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्।" यूहन्ना १७ः१५-१९।

बेबिलोनका गलत धर्म, दर्शन, तर्क र विद्याहरूबाट भाग्नु र आफ्नो वचनमा लेखिएको अनन्तको सत्यको उज्यालोमा हिँड्नु भनेर परमेश्वरले उहाँका जनहरूलाई अन्तिम अनुरोध गर्नुभएको छ। जीवनको सबै साँचो बाइबलमा छ। जबसम्म मानिसहरू बाइबलमै अडिग भएर बसे र यसमा सिकाएका सत्यहरूलाई पछ्याए, अन्तको सङ्कटमा आउने कुनै पनि तत्वले तिनीहरूलाई धोखा दिनेछैन, विशेष गरेर साबथको बारेमा।

दोस्रो स्वर्गदूतको सन्देशले हामीलाई गलत शिक्षा वा विद्याभन्दा सत्यलाई स्वीकार गर भनेर आह्वान गरेको छ, मानिसले उब्जाएका परम्पराहरू भन्दा बाइबललाई मान र अनेकौं झुटा वा मानिसलाई छलमा राख्ने शिक्षादिक्षा, तर्क, दर्शन वा वादहरूलाई भन्दा परमेश्वरको वचनको शिक्षाहरूलाई ग्रहण गर भनेर त्यस सन्देशले हामीलाई घचेट्दछ।

पहिला दुई स्वर्गदूतहरू पछि लागेर तेस्रो स्वर्गदूतले दिएको सन्देशमा पशुको छापको बिरुद्धमा चेतावनी दिएको छ। बाइबलभरिका भविष्यवाणीहरूमा पशुभन्दा कि त राजैतिक वा धार्मिक शक्तिलाई इङ्गित गर्दछ। प्रकाश १३ र १४मा उल्लेख गरिएको समुद्रबाट उदय हुने पशु रोम

हो जसले विश्व्यापीरूपमा त्यसले आफ्नो धार्मिक प्रणाली वा आराधना गर्ने नीति लाइदछ। बिस्तारै त्यस शक्तिले सारा संसारमै चर्च र राज्यलाई एक बनाउन अभियान चाल्न चलाउनेछ। आर्थिक, राजनैतिक, सामाजिक, प्राकृतिक, अन्तराष्ट्रिय सङ्कट र विश्ववापी द्वन्द्व उथलपुथल भएको बेला सबै धर्म र राजनैतिक शक्तिहरूलाई एउटै छातामा ल्याउने त्यस शक्तिको लक्ष्य हो।

अचम्मको कुरो के छ भने त्यस विश्वव्यापी गठबन्धनको नेतृत्व बिस्तारै अमेरिकाले गर्नेछ। "मानिस अमर छ र आइतबार नै पवित्र दिन हो भन्ने दुई उल्लेखनीय गलत शिक्षाहरूलाई मिलाएर सैतानले मानिसहरूलाई आफ्नो जालमा पार्नेछ। आत्मा अमर छ भन्ने जग तन्त्रमन्त्र वा अपार अध्यात्मवादमा छ भने, आइतबार नै साबथ हो भन्ने शिक्षा रोमन क्याथोलिक चर्चको भएकोले दुवैलाई एउटै डोरीमा बाँधिनेछ। त्यसमा अमेरिकाका लोकप्रिय प्रोटेस्टेन्ट चर्चहरू वा विभिन्न डिनोमिनेशनहरूले आफ्ना हातहरू बढाएर बाइबल सम्मत नभएका तन्त्रमन्त्र गर्ने जस्ता अलौकिक अध्यात्मवाद वा धर्मसँग मिलाउनेछन्; तिनीहरू युगौंसम्म प्रोटेस्टेन्ट र क्याथोलिक चर्चको बीचमा भएको फाटोलाई पुर्न आफ्ना हातहरू बढाएर रोमसँग हातेमालो गर्नेछन्; र यस तीन समूहको गठबन्धनले अमेरिका रोमसँग मिलेर विवेक वा आत्मनिर्णयको स्वतन्त्रतालाई कुल्चिनेछ।" एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ५८८।

येशूका निष्ठावान जनहरू दश आज्ञाहरूलाई पालन गर्दै तिनीहरूको हृदयमा येशूलाई येशूको विश्वासद्वारा सजाएर जीवित रहन जरुरी आग्रह गर्दै ती सन्देशहरू तुँग्याउँछन् (प्रकाश १४:१३)।

**"सत्यले तिमीहरूलाई स्वतन्त्र दिनेछ" भन्ने येशूको वचनलाई तपाईंले कसरी बुझ्नुहुन्छ? त्यसको अर्थ के हो? सत्यले तपाईंलाई कसरी स्वतन्त्र दिएको छ? यस परिवेशमा "स्वतन्त्र हुनु" भनेको के हो?**

## ३. सुधारको निरन्तरता जारी रहन्छ

विगतका महान् इसाई महान सुधारवादीहरूसँग काँधमा काँध मिलाएर बाइबलको शिक्षादीक्षामा नै सर्वोपरी हो भनेर आत्मसात् गर्ने जनहरूको समूह युगको अन्तमा उठाउनुभएको थियो। तिनीहरूको निम्ति मुक्तिको स्रोत केवल येशूमात्र थियो, तिनीहरूको बलको स्रोत केवल पवित्र आत्मामात्र थियो, र हाम्रो प्रभुको दोस्रो आगमननै तिनीहरूका सबै आशाहरूको चरम आशा थियो। परम्पराको नाउँमा र गलत धार्मिक र दर्शनको अँध्यारोमा बिलाएको बाइबलका सत्यहरू बाइबलीय साबथ समेत येशूको आगमनभन्दा अघि सारा संसारमा घोषणा गर्नेछ।

यस अन्तिम समयको सुधारलाई पूर्णता दिन तीन स्वर्गदूतहरूका सन्देशले युगको अन्तमा विशेष सुसमाचार सुनाउने समूहलाई जन्म दिएको थियो। त्यस समूहको अभियान थियो यस संसारमा येशूले थालनी गर्नुभएको उहाँको काम सम्पन्न गर्नु। यस संसारमा परमेश्वरको अन्तिम सन्देश सुनाउने समूह हुनेछ भनेर बाइबलको अन्तिम पुस्तकका महान् भविष्यवाणीहरूले प्रकट गरेको छ। त्यो समूह महान् निराश अर्थात येशूको आगमन १८४४मा हुनेछ भनेर पर्खिने तर उहाँ नआउँदा निराश हुनेहरूको जमातबाट नै परमेश्वरले उठाउनुभएको थियो। अनन्तको सुसमाचार सारा संसारमा सुनाउने जिम्मेवार बोकेका विश्वव्यापी चर्चको बारेमा प्रकाश १४ले वर्णन गरेको छ।

प्रकाश १४ को तीन स्वर्गदूतहरूसँग प्रकाश १८को चौथो स्वर्गदूत मिल्दछन्। यस स्वर्गदूतले तीन स्वर्गदूतहरूका सन्देशहरू घोषणा गर्न त्यस चर्चलाई शक्तिसम्पन्न गराउँदछन्। त्यस चर्चको सन्देश र तिनीहरूको जीवने सारा पृथ्वी नै परमेश्वरको महिमाले चम्किन्छ भनिएको छ (प्रकाश १८:१)। मानव इतिहासको चरमबिन्दु र सुसमाचारको आखिरी विजयको दौरानमा हुने विभिन्न मूख्य घट्नाहरूलाई प्रकाश १८ले केन्द्रित गरेको छ।

**यूहन्नाले चौथो स्वर्गदूतको बारेमा के तीन कुराहरू भन्छन्? हेर्नुहोस्, "यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो।" प्रकाश १८:१। हेर्नुहोस यो पनि, "किनकि समुद्र पानीले ढाकिएझैं पृथ्वी परमप्रभुका महिमाको ज्ञानले भरिपूर्ण हुनेछ।" हबकूक २:१४।**

पवित्रस्थानको परमेश्वरको सिंहासनको कक्षमा रहेको महिमित परमेश्वरको उपस्थितबाट स्वर्गदूत तल झर्छन्। परमेश्वरको दयाको अन्तिम सन्देश र यस पृथ्वी ग्रहमा आउनेवाला घट्नाहरूको बारेमा यस पृथ्वीका बासिन्दाहरूलाई चेतावनी दिन त्यस स्वर्गदूतलाई जिम्मा दिएको थियो।

प्रकाश १८:१ले यो बताउँछ कि त्यस स्वर्गदूत ठूलो अधिकार लिएर आउँछन्। नयाँ नियमको ग्रीक शब्दमा "अधिकार" भनेको *exousia एक्सोसिया* हो। आफ्ना चेलाहरूलाई सुसमाचार प्रचार गर्न पठाउँदा येशूले तिनीहरूलाई अधिकारसम्पन्न गराउनुभएको थियो। यही शब्द मत्तीमा प्रयोग गरिएको छ। मत्ती १०:१मा येशूले उहाँका चेलाहरूलाई "अधिकार" दिनुभएको थियो भनेर उल्लेख गरिएको छ। त्यो अधिकार दुष्टका शक्ति र राज्यहरूसँग सामना गर्न दिएको थियो। असल र खराबको बीचमा हुने संग्राममा विजयी हुन उहाँले तिनीहरूलाई दिव्यशक्ति दिनुभएको थियो। मत्ती २८:१८ मा उहाँले तिनीहरूलाई फेरि पठाउनुहुन्छ। यसबेला येशूले आफ्नो शक्तिको वर्णन गर्दै चेलाहरूलाई भन्नु भएको थियो, "स्वर्ग र पृथ्वीमा समस्त

अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" मत्ती २८:१८-२०। यसको तात्पर्य सुसमाचार सुनाउने उहाँको काम गर्न चेलाहरूलाई उहाँले अधिकार दिनुभएको छ।

**अन्तिम दिनहरूमा अधिकारहरूको सामना गर्दा हामी कसको अधिकारमा चल्ने? परमेश्वरको, आफ्नै, पशुको शक्तिको वा अरू कसैको? तपाईं अहिले कसको अधिकारमा चलिरहनुभएको छ?**

## ४. सारा पृथ्वीमा परमेश्वरको महिमाले भर्छ

**प्रकाश १८:१मा परमेश्वरको "वैभव वा महिमा"ले पृथ्वी भरियो भनेको छ। त्यो महिमा वा वैभवलाई बुझाउन वा त्यससँग अरू के शब्दहरू प्रयोग गरिएका छन्? हेर्नुहोस् देहायका पदहरू, "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" प्रकाश ४:११; "तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" प्रकाश ५:१२; "त्यसपछि मैले स्वर्गबाट एउटा ठूलो भीड़ले चर्को सोरमा यसो भनिरहेको जस्तो सुनें, "हल्लेलूयाह! मुक्ति, महिमा र शक्ति हाम्रा परमेश्‌वरका हुन्।" प्रकाश १९:१। जगत**ब्रम्हाण्डमा असल र खराबको बीचमा भइरहेको महान् विवाद परमेश्वरको सम्मान, श्रद्धिमय नाउँ, इज्जत, मर्यादासँग पनि सम्बन्धित छ। परमेश्वर अन्यायी छ भनेर विद्रोही स्वर्गदूत सैतानले आरोप लगाएको थियो। परमेश्वरले आफ्ना जनहरूबाट आराधनाको माग गर्नुहुन्छ र त्यसको बदिलीमा उहाँले केवल थोरैमात्र फर्काउनुहुन्छ भन्ने सैतानको आरोप थियो। मानिसको स्वतन्त्रता र आनन्दलाई परमेश्वरको आज्ञालेछ सिमित राखेको छ भनेर त्यस दुष्टले इसाई भनाउँदाहरूकै बीचमा पनि भ्रम फैलाउँछ।

सैतानको त्यो आरोप मिथ्या हो भनेर येशूले आफ्नो जीवन, मृत्यु र पुनरुत्थानले भन्डाफोर गरेको थियो। हामीलाई सृष्टि गर्नुहुने परमेश्वर आफै सर्पको बिषमा हामफाल्नुभएको थियो ताकि उहाँले हामीलाई उद्धार गर्न सकुन्। सैतानको आरोपलाई येशूले क्रूसमा खण्डन गर्नुभएको थियो। परमेश्वर न्यायी र प्रेमिलो हुनुहुन्छ भनेर येशूले प्रमाण गरेर देखाउनुभएको थियो। यस ईश्वरविहिन र स्वार्थकेन्द्रित पृथ्वीमा येशूको प्रेमले मोहित भएर उहाँको

इज्जतप्रति चिन्तित भएर युगको अन्तमा भएका उहाँका जनहरूले उहाँको महिमा, वैभव प्रकट गर्दै उहाँ प्रेमिलो र स्वार्थत्याग भएको परमेश्वर हुनुहुन्छ भनेर तिनीहरूको मन, वचन र कर्मद्वारा देखाउँदछन्।

**मोशालाई परमेश्‍वरले उहाँको महिमा कसरी प्रकट गर्नुभएको थियो? परमेश्वरको महिमा के हो? हेर्नुहोस्, "तिनले भने, "अब मलाई तपाईंको महिमा देखाउनुहोस्।" उहाँले भन्नुभयो, "म तिम्रै सामुन्ने मेरो सारा श्रेष्ठता देखाउनेछु, र तिम्रै सामुन्ने 'परमप्रभु नाउँको घोषणा गर्नेछु। जसलाई म अनुग्रह गर्न चाहन्छु त्यसलाई म अनुग्रह गर्नेछु। जसलाई म कृपा देखाउन चाहन्छु, त्यसलाई म कृपा देखाउनेछु।" प्रस्थान ३३:१८-१९।**

परमेश्वरको महिमा उहाँको चरित्र, स्वभाव र मिजास हुन्। जब हामीमा परमेश्वरको प्रेम र हाम्रा चरित्रहरू उहाँको मुक्तिदिने प्रेमले भरिन्छ तब पृथ्वी परमेश्वरको महिमा, इज्जत र वैभवले भरिनेछ।

जब हाम्रो व्यक्तिगत जीवनमा परमेश्वरको प्रेमलाई उघारेर देखाउँछौं तब यस संसारमा उहाँको महिमा, चरित्रलाई प्रकट गर्छौं। हाम्रै जीवनबाट हामी उहाँको इज्जत थाम्छौं। आत्मिक अन्धकारमा छामछुम गरिरहेको यस संसारलाई दिने तीन स्वर्गदूतहरूको अन्तिम सन्देश हो, "परमेश्वरको भय मान वा उहाँलाई श्रद्धा देऊ र उहाँको महिमा गर वा उहाँलाई इज्जत देऊ" हो (प्रकाश १४:७)।

जब हामी येशूभावनामा रहन्छौं तब हामीले हाम्रो महिमा, इज्जत र भाउ खोज्दैनौं। हाम्रो धर्मकर्मले हामी असल र धर्मात्माछौं भनेर देखाउँदैनौं। "येशू ख्रीष्टको धार्मिकताको सन्देश पृथ्वीको एउटा कुनादेखि अर्को कुनासम्म फैलाउनुपर्दछ। यो नै परमेश्वरको महिमा हो जुन तेस्रो स्वर्गदूतको का सम्पन्न हुन्छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ६, पृ. १९। एलेन जी ह्वाइटले यो पनि थप्छिन्, "विश्वासद्वारा निर्दोषी ठहरिनु भनेको के हो? मानिसको उपलब्धी, महिमा, सम्मान, कदर आदि धुलोमा मिसाउने परमेश्वरको काम हो। मानिस आफ्नै शक्तिले गर्न नसक्ने काम उहाँले गर्नु नै भक्तहरूलाई विश्वासद्वार धर्मी ठहराउनु हो।"- टेस्टिमोनिज टु मिनिस्टरस एण्ड गस्पल वर्कर्स, पृ. ४५६।

हामीले जे काम गरेतापनि त्यसको जस, श्रेय वा महिमा हामीले पाउने होइन तर परमेश्वरलाई दिनुपर्दछ।

## ५. परमेश्वरको थुमा, मारिएको थुमा

प्रकाशको पुस्तकमा धेरै प्रतिकहरू छन्। बाइबलमा भएका प्रतिक वा चिन्हहरू महत्त्वपूर्ण छ। स्वर्गमा अजिङ्गर वा सैतान (प्रकाश १२:३,४,७),

रातो पशुमाथि चढेकी स्त्री (प्रकाश १४:६) आदि केही उदाहरणहरू हुन्। तिनीहरू बाइबलमा छन्; पवित्र आत्माले नै यूहन्नालाई प्रेरणा दिएर उल्लेख गरेका हुन्। यस पुस्तकमा लेखिएका ती प्रतिकहरूले सत्यलाई प्रकट गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन्। प्रकाश १:३मा लेखिएको छ, "त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ।"

प्रकाशको पुस्तकमा अर्को प्रतिक पनि छ जुन बारम्बार देखा पर्दछ। त्यो प्रतिक हो, र त्यसको कसको प्रतिनिधित्व गर्छ?

पढ्नुहोस्, "४ कोही पनि त्यो चर्मपत्रको मुट्ठो खोल्ने अथवा त्यसभित्र हेर्ने योग्यको नपाइएको हुनाले म खूबै रोएँ। ५ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" ६ तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा सीङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्। ७ उहाँ जानुभयो, र सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीबाट त्यो मुट्ठो लिनुभयो। ८ जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाएः "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्। ११ तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" १३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, "सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।" १४ तब ती चारै जीवित प्राणीले भने, "आमेन।" अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे।" प्रकाश ४:११-१४; "९ यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो

हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। १० तिनीहरू उच्च सोरले कराएः "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।" ११ अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरू सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। १२ "आमेन! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमेन!" १३ धर्म-गुरुहरूमध्ये एउटाले मलाई सोधे, "यी सेता पोशाक लाउनेहरू को हुन्, र कहाँबाट आएका हुन्?" १४ अनि मैले तिनलाई भने, "हजूर, तपाईं नै जान्नुहुन्छ।" तिनले मलाई भने, "यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्। १५ यसैकारण, "तिनीहरू परमेश्वरका सिंहासनको सामुन्ने छन्, र दिनरात उहाँको मन्दिरमा उहाँको सेवा गर्दछन्, र सिंहासनमा विराजमान हुनुहुनेले आफ्नै उपस्थितिले तिनीहरूलाई शरण दिनुहुनेछ। १६ तिनीहरू कहिल्यै भोकाउने र तिर्खाउनेछैनन्, सूर्यको राप अथवा कुनै प्रचण्ड ताप तिनीहरूमाथि पर्नेछैन, १७ किनकि सिंहासनको बीचमा हुनुहुने थुमा तिनीहरूका गोठालो हुनुहुनेछ, र तिनीहरूलाई डोऱ्याएर जिउँदो पानीको स्रोतसम्म लानुहुनेछ, र परमेश्वरले तिनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ।" प्रकाश ७:९-१७; "अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए।" प्रकाश १४:१; "१ मैले स्वर्गमा ठूलो र अचम्मको अर्को एउटा चिन्ह देखेंः सात स्वर्गदूतहरूले सात वटा अन्तिम विपत्ति लिएका थिए, किनकि तिनीहरूमा नै परमेश्वरको क्रोध समाप्त भएको छ। २ आगोसँग मिसिएका काँचको समुद्रजस्तो मैले देखें। त्यहाँ पशु र त्यसको मूर्तिमाथि र त्यसका नाउँको संख्यामाथि विजय पाउनेहरू आफ्ना हातमा परमेश्वरको वीणा लिई त्यस काँचका समुद्रको किनारमा खड़ा थिए। ३ तिनीहरूले यसो भनेर परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्।" प्रकाश १५:१-३; "६ त्यसपछि एउटा ठूलो भीड़को सोरजस्तो मैले सुनें, उलंर्दो पानीहरूको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो मैले सुनें, जसले यसो भनिरहेको थियोः "हल्लेलूयाह! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्ले राज्य गर्नुहुन्छ। ७ हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी

**दुलही स्वयम् तयार भएकी छिन्। ८ चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्।" प्रकाश १९:६-८; "२२ मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकि त्यहाँको मन्दिर स्वयम् परमेश्वर सर्वशक्तिमान् र थुमा नै हुनुहुन्छ। २३ त्यो सहर उज्यालो गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने परमेश्वरको महिमा नै त्यसको उज्यालो हो। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ।" प्रकाश २१:२२-२३ र "१ तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की २ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए। ३ अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्।" प्रकाश २२:१-३। थुमाको प्रतिकको अर्थ के हो? प्रकाशकै पुस्तकमा यो किन धेरै पल्ट देखा पर्दछ?**

प्रकाशको पुस्तकको सुरुका शब्दहरूमा नै लेखिएको छ, यो "येशूको" प्रकाश हो। उहाँ पाठोमात्र होइन तर "मारिएको थुमा" (प्रकाश ५:६,१२; १३:८)। त्यसको अर्थ क्रुसमा टाँगिनुभएको येशू ख्रीष्ट हो। यहाँ सारा बाइबलमामात्र होइन प्रकाशको पुस्तक र तीन स्वर्गदूतहरूका सन्देशको मुटु र आत्मा नै उल्लेख गरिएको छ। यही हामीसँग थुमा रहनुभएन भने हामी येशूका विश्वासिलो भक्त हुनसक्दैनौं न त परमेश्वरले उठाउनुभएको चर्चमा कुनै कामै गर्न सकिन्छ। त्यो थुमा अरू कोही नभएर मारिएको थुमा, क्रूसमा टाँगिएको येशू, हाम्रा पापहरूको निम्ति बलि हुनुभएको येशू, उहाँ नै हाम्रो सन्देशको केन्द्रविन्दु हुनुहुन्छ।

"हामीले जानाजानी मारिएको थुमालाई हाम्रा शिक्षादीक्षा र मिशनको मूख्य केन्द्रबिन्दु बनाउनुपर्छ। हामीले प्रचार गर्ने प्रत्येक प्रवचनमा, हामीले लेख्ने प्रत्येक लेखमा, हामीले गर्ने प्रत्येक प्रार्थनामा, हामीले गाउने प्रत्येक गीत वा भजनमा, प्रत्येक पल्ट जब हामी बाइबल सिकाउँछौं र हामीले गर्ने सबै कामहरूको केन्द्रविन्दु येशू हुनुपर्दछ। यस संसारमा घुलमिल गरेर अरूहरूको सेवा गर्दा र एक आपसमा हामीले गर्ने व्यवहारमा क्रूसमा टाँगिएको येशूको प्रेमले हामी परिवर्तन भएका छौं भनेर प्रकट गरौं।"-आन्जल म्यानुयल रोड्रिगेज, "*द क्लोजिङ्ग अभ द कस्मिक कन्फ्लिक्ट: रोल अभ द थ्री एन्जलस मेसेजेज,*" अप्रकाशित लेख , पृ. ७०बाट रूपान्तरित।

खतरा पशुहरूका प्रतिकको बीचमा, अजिङ्गरले महासंग्राम छेडिरहेको समयमा, अनेकौं महामारी र रोगव्याधीहरूको बीचमा, सतावट र दुःखकष्टको

बीचमा र पशुको छापको बीचमा पनि थुमा, मारिएको थुमा अगाडि र केन्द्रमा भइरहन्छ। उहाँमात्र, उहाँले हामीलाई के गर्नुभयो र के गरिरहनुभएको छ र संसार खतम हुनेबेलामा उहाँले के गर्नुहुन्छ अर्थात् तिनी स्वर्गदूतहरूका सन्देशहरू अन्तमा आएर उहाँकै बारेमा हो भनेर हामी यकिन हुनुपर्दछ।

**अरूहरूलाई डोऱ्याउनमात्र होइन हाम्रो आफ्नै आत्मिक जीवनको निम्ति मारिएको थुमालाई हाम्रो सन्देशको केन्द्रविन्दु बनाउनु किन निर्णायक छ?**

**उपसंहारः**

**थप जानकारीः** "परमेश्वरप्रति पवित्र समर्पितको ज्योतिले चम्किन्दै आफ्ना अनुहारहरू उज्यालो पारेर परमेश्वरका सेवकहरू एक ठाउँबाट अर्को ठाउँमा स्वर्गबाट आएको सन्देश द्रुतगतिमा सुनाउँदै डगुर्नेछन् । परमेश्वरका जनहरू सारा संसारभरि हजारौँ हजारले चेतावनीको सन्देशको आवाजहरू उठाउनेछन् । अनेकौँ आश्चर्य कामहरू हुनेछन्, बिरामीहरू निको हुनेछन् र विश्वासीहरूको तर्फबाट अनेकौँ चिन्ह र अचम्मका कामहरू हुनेछन् । मानिसहरूलाई आफ्नो जालमा फसाउन सैतानले पनि अनेकौँ नकल आश्चर्यका कामहरू गर्नेछन् । मानिसहरूको सामु आकाशबाट आगो नै खसाल्नेछन् (मिसाइल? अनुवादक) । प्रकाश १३:१३ । त्यसबखत पृथ्वीका बासिन्दाहरू कसको पक्षमा उभिने भन्ने निर्णय गर्नुपर्ने हुन्छ ।

"अनेकौँ तर्कवितर्कद्वारा र विद्वान भएको प्रमाणित गरेर देखाएर होइन तर परमेश्वरको आत्माले गहिरोरूपमा विश्वस्त भएर यस संसारमा सन्देश फैलिने छ । सत्यको बारेमा पर्याप्त तर्कहरू प्रस्तुत गरिसको छ । बिउ रोपी सकेको छ, अब उम्रिएर फल फलाउनेछ । सुसमाचारको बोझ बोकेका परमेश्वरका सेवकहरूले बितरण गरेका हाम्रा प्रकाशित पुस्तकहरूले त्यसको प्रभाव पारिसकेको छ, यद्यपि, ती सामग्रीहरूबाट प्रभावित धेरै दिमागहरू सत्यलाई पूरै रूपमा आनकानी गरिरहेकाछन् वा परमेश्वरको आज्ञा अनुसार चल्न समर्पित हुन चाहन्दैनन्। अहिले दिव्यज्ञानको ज्योतिको किरण जतातत्तै छेडिएको छ, सत्यलाई स्पष्टरूपमा प्रस्तुत गरिएको छ, परमेश्वरका इमान्दारी र सत्यवादी जनहरूले तिनीहरूलाई पक्रिराख्ने सैतानको जालबाट तिनीहरू फुट्किसकेका छन् । पारिवारिक सम्बन्ध र चर्चसँगको सम्बन्धले तिनीहरूलाई अब तानी राख्दैन । ती सबैभन्दा तिनीहरूको निम्ति सत्य नै बहूमूल्य भइरहेको हुन्छ । संसारमा अनगिन्तियौँ निकायहरू मिलेर सत्यको बिपक्षमा उठेतापनि धेरै बिशाल जनसमूह परमेश्वरको साथमा उभिनेछन् ।"-*एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी,* पृ. ६१२ ।

**चिन्तनमननः**

अ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको "विश्वासद्वारा निर्दोष ठहरिनु तेस्रो स्वर्गदूतको मौलिक सत्य सन्देश हो" (*इभान्जिलिजम,* पृ. १९०)को अर्थ के हो? त्यसले गर्दा तीन स्वर्गदूतहरूका सन्देशहरूको मामिलामा विश्वासद्वारा निर्दोष ठहरिनुको के सम्बन्ध छ?

आ. प्रकाश १४:१२मा उल्लेख गरिएको छ, "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।" परमेश्वरका आज्ञाहरू पालन गर्नु र विधिवाद वा परम्परावादी हुनुमा के फरक छ? परमेश्वरको आज्ञा गर्दा कहिले विधिवाद हुन सक्छ? परमेश्वरका आज्ञाहरू नमान्नेहरूपनि कुन तरिकाहरूले विधिवाद र परम्पराबादी हुन सक्छ?

इ. जब प्रकाशको पुस्तकमा भएका डरलाग्दा पशुहरू र भयानक चेतावनीहरूको बारेमा हामी चर्चा गर्छौं कतिपय मानिसहरूले त्यसको उपहास वा आलोचना गर्दछन्। तिनीहरूलाई हामीले के जवाफ दिने? त्यसको बारेमा बाइबलमा चर्चा गरिएको जवाफ हामीमा भएतापनि अरू जवाफहरू हामी के दिन सक्छौं?

ई. यस संसारमा भइरहेको विश्वघट्नाको बारेमा चर्चा गर्नुहोस्। यस संसारमा के भइरहेको छ त्यसले अन्तका घट्नाहरूको बारेमा बताइरहेकाछन्? हामी बाँचिरहेको समयमा के भइरहेको छ त्यसको बारेमा सजग हुनु र हामीलाई प्रकट नगरिएका अनेकौं निरर्थक अनुमानहरूमा नलाग्नुको बीचमा हामीले कसरी संतुलन राख्ने?

## कथा १३

# आफ्नै गाउँघर मिसन क्षेत्र

## भिक्टोर र युनिस



भिक्टोर र युनिस कुनै टाढा देशमा सेभेन्थ-डे एडभेन्टिस्ट मिशिनरी भएर प्रभुको सेवा गर्न चाहेका थिए। तिनीहरू टाढा महादेश अफ्रिकाको आङ्गोला वा मोजाम्बिकमा जान चाहेका थिए। तर जब १९७४मा आफ्नो देश पोर्च्युगलमा जनक्रान्ती भयो तब तिनीहरूको चाहना चक्नाचुर भएको थियो। आफ्नो देश पहिलाको जस्तो भएको थिएन। जब सर्वसत्तावादी सरकारलाई सैनिकले अपदस्थ गरे तब कानुनहरू पनि परिवर्तन भएको थियो। अब पहिलो पल्ट एडभेन्टिस्टले पोर्च्युगलमा स्कूल खोल्न सक्ने भएको थियो। क्रान्तीले गर्दा आफ्नै सहर नै नयाँ मिसन क्षेत्र हुन पुगेको थियो।

क्रान्ती भएको केही महिनापछि भिक्टोर र युनिसको चर्चका विश्वासीहरूले शिक्षाको बारेमा एलेन ह्वाइटको लेख पढिन्। तिनीहरूले यो पढे, "सबै चर्चहरूमा र जहाँ जहाँ विश्वासीहरूको झुण्ड छ, त्यहाँ चर्चले स्कूल स्थापना गर्नु आवश्यक छ। ती स्कूलहरूमा पक्का मिशिनेरी मिजास भएका मानिसहरू शिक्षक हुनुपर्दछ। बालबालिकाहरूलाई पनि मिसिनेरी हुन तालिम दिनुपर्दछ। बालबालिकाहरूलाई सिकाउने क्रममा विज्ञानमात्र होइन साबथ पालन गर्ने र बाइबलको बारेमा शिक्षित बनाउनुपर्दछ। विभिन्न स्थानमा स्थापना गरिएका स्कूलहरू परमेश्‍वरको भय मान्ने वा श्रद्धा गर्ने पुरुष र महिलालाई नियुक्त गर्नुपर्छ। सकेसम्म अगमवक्ताहरूका स्कूलहरूको नीतिहरूमा ती स्कूलहरू निर्माण गर्नुपर्छ।" *रिभ्यु एण्ड हेराल्ड,* जुलाइ २, १९०८, भाग १।

चर्चका विश्वासीहरूले स्कूल खोल्ने निर्णय गरे। चौथो पुस्ताको एडभेन्टिस्ट र सार्वजनिक स्कूलमा शिक्षिका भएकी युनिसले एडभेन्टिस्ट स्कूलमा पढाउन मञ्जुर गरिन्। त्यो स्कूल पोर्टो भन्ने सहरको बाहिर थियो। उनको निर्णय ठूलो विश्वासको निर्णय थियो। एडभेन्टिस्ट चर्चले पोर्च्युगालमा कहिल्यै पनि स्कूल चलाएको थिएन। सबै थोक सुरुदेखि नै गर्नुपर्ने भएको थियो। "यो त आङ्गोला वा अर्कै मिशन क्षेत्रमा गएका जस्तै थियो। कुन एडभेन्टिस्ट परम्परा पछ्याउनु पर्ने हो सो हामीलाई थाहा थिएन। हामी जे गर्छौं त्यो नयाँ हुनु पर्दथ्यो," युनिसले सुनाइन्। चर्चका सदस्यहरूले स्कूलको निम्ति जग्गा किने र १९७५ मा स्कूलमा कक्षा सुरु गरियो। सानो क्लासरुममा पहिलो स्कूल सुरु भयो। स्थानीय चर्चका सदस्यहरूको

छोराछोरीहरू त्यस स्कूलमा पढ्न आए। जब स्कूलको नाउँ चल्न थाल्यो तब विद्यार्थीहरू थपिने थाले। अरू एडभेन्टिस्ट चर्चहरूका बाबुआमाहरूले आफ्ना छोराछोरीहरूलाई त्यस स्कूलमा पठाउन थाले। सहरका प्रतिष्ठित मानिसहरूले पनि आफ्ना छोराछोरीहरूलाई त्यहाँ पठाउन थाले। तिनीहरूमा स्थानीय औषधी पसलको साहु र नगर प्रमुख पनि थिए। तिनीहरू एडभेन्टिस्ट थिएनन्।

अवकाश नपाउँञ्जेल युनिसले त्यस स्कूलमा सिकाइन्। भिक्टोर २१ वर्षसम्म विद्युत इन्जिनियरको काममा लागेका थिए। उनी स्कूलमा शिक्षक बन्न पुगेका थिए। उनी र उनकी श्रीमती विभिन्न समयमा स्कूलको प्रिन्सिपल भएका थिए।

वर्षहरू बितेपछि पहिलो एडभेन्टिस्ट स्कूलले मिशन दिमाग भएका धेरै विद्यार्थीहरू उत्पादन गरेको थियो। युनियन अध्यक्ष, १४ जना पास्टर र चार जना एडभेन्टिस्ट साहित्य विक्रेताहरू त्यस स्कूलबा आएका थिए। कतिपय विद्यार्थीहरू बप्तिस्माद्वारा येशूलाई आफ्ना हृदयहरू सुम्पेकोले भिक्टोर र युनिस अत्यन्तै खुशी भएका थिए।

एक जना १८ वर्षको गैर-एडभेन्टिस्ट घरबाट आएको युवा विद्यार्थीको बारेमा तिनीहरूलाई याद छ। उनले एक जना  एडभेन्टिस्ट युवतीसँग मित्रता गाँसेको थियो। त्यस युवती स्कूलमा स्वयंसेविका भएर काम गर्दै थिएन। पछि तिनीहरू वैवाहिक सम्बन्ध गाँसे। आज तिनीहरू चर्चका सक्रिय सदस्यहरू भएका छन्। तिनीहरूका दुई हुर्कियकी छोरीहरू छन्। एक जना डाक्टर भएकी छिन् भने अर्को पाथफाइन्दरको अगुवा भएकी छिन्।

सहरका मानिसहरूले भिक्टोरलाई उनको शिक्षाको देनले गर्दा उनलाई सम्मान गर्न चाहेका थिए। सहरका अगुवाहरूले एउटा सडकलाई उनको नाउँ दिने प्रस्ताब गरे। तर आफ्नो नाउँभन्दा स्कूलको नाउँ राख्न अनुरोध गरे। सहरको एउटा सडक एडभेन्टिस्ट स्कूलको सम्मानमा नाउँ राखिएको छ।

भिक्टोर र युनिस यस कथा लेखिएको बेलामा ७० वर्ष भएका थिए। आफ्नै घरसहरमा मिसिनेरी हुन बोलाइएकोमा तिनीहरू खुशी छन्। "हामी आङ्गोला वा मोजाम्बिकमा मिशिनेरीहरू हुन खोजेका थियौं। तर क्रान्तीले गर्दा हामी जान सकेनौं। तब हाम्रो मिशन क्षेत्र यहीँ छ भनेर हामीले महसुस गऱ्यौं।  स्कूल र शिक्षक हुने मेरो जहिले पनि मिशन भएको छ। यो मलाई मन पर्छ," भिक्टोरले भने। धेरै जना येशूबाट तर्किएर गएपछि १२ जना चेलालाई येशूले सोध्नुभएको कुरा युनिसले सम्झन्छिन्, "के तिमीहरू पनि मलाई छोड्छौं।" पत्रुसले जवाफ दिए, 'प्रभु, हामी कहाँ जाने? तपाईंसँग अनन्त जीवन छ।'" यूहन्ना ६:६७,६८। पत्रुससँग युनिस सहमत छिन्। "यदि तपाईंलाई होइन भने हामीले कसलाई पछ्याउने? यदि एडभेन्टिस्ट स्कूल छ भने त्यहाँ नै म जानुपर्दछ," उनले सुनाइन्।

***-आन्ड्रयु मेकचेसनी***